# डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडको
# सत्रौं वार्षिक साधारण सभाको
# काम कारवाहीको विवरण
# (माइन्यूट)

१. **बैधानिक सभाः**

कम्पनी ऐन २०६३ र नियमावली बमोजिम संस्थाको सत्रौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री दिपक खनालको अध्यक्षतामा निम्नानुसारको मिति, समय र स्थानमा बसी निम्नानुसारका बिषयहरू उपर छलफल गरी निम्नानुसारका निर्णयहरू पारित गरियो ।

२. **सभाको मिति, स्थान र समयः**

सभाको मितिः २०७५साल माघ ११ गते शुक्रवार (तदनुसार २५ जनवरी २०१९)।
सभाको स्थानः भरतपुर गार्डेन रिर्सोट, भरतपुर, चितवन ।
समयः विहान ११:०० बजे प्रारम्भ भई दिउसो १२:४५ बजे सम्पन्न भएको ।

३. **सभाको सूचनाः**

मिति २०७५ पौष १३ गते बसेको सञ्चालक समितिको २३६ औं बैठकको निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा ६७ तथा संस्थाको नियमावलीको नियम ४(३) बमोजिम संस्थाको सत्रौ वार्षिक साधारण सभाको सूचना तथा आर्थिक वर्ष २०७४/०७५ को वार्षिक प्रतिवेदन एवं वित्तीय बिवरणहरू समेत शेयरधनीहरूको ब्यक्तिगत ठेगानामा पठाउनुको साथै मिति २०७५ पौष १७ गतेको "कारोबार" राष्ट्रिय दैनिक र २०७५ पौष २४ गतेको "अभियान" राष्ट्रिय दैनिकमा सभा हुने मिति, स्थान, समय र छलफल हुने विषयहरूको सूचना शेयरधनी महानुभावहरूको जानकारीको लागि प्रकाशित गरिएको थियो ।

४. **उपस्थितिः**

४.१ कम्पनी ऐन २०६३ को दफा ६८ बमोजिम सभामा उपस्थित सञ्चालकहरूः

| | |
|---|---|
| १. श्री दिपक खनाल | अध्यक्ष |
| २. श्री यज्ञप्रसाद शर्मा | सञ्चालक |
| ३. डा.भृगुऋषि दुवाडी | सञ्चालक |
| ४. श्री रीता पौडेल | सञ्चालक |
| ५. श्री रमेशमकुमार रघुवंशी | सञ्चालक |
| ६. श्री प्रताप सुवेदी | सञ्चालक |
| ७. श्री नरेशमान प्रधान | सञ्चालक |

४.२ अन्य पदाधिकारीहरूको उपस्थितिः

श्री अमराज खड्का प्रमुख कार्यकारी अधिकृत

श्री ज्ञानेन्द्रप्रसाद अर्याल कम्पनी सचिव

४.३ शेयरधनीहरूको उपस्थितिः

जम्मा उपस्थित संख्याः ५१ जना

४.४ अन्य आमन्त्रितहरूको उपस्थितिः

जम्मा उपस्थित संख्याः ५ जना

## ५. गणपुरक संख्या ( कम्पनी ऐन २०६३ को दफा ७३ बमोजिम):

| बिवरण | कुल संख्या | जम्मा उपस्थिति | कुल शेयरको प्रतिनिधित्व |
|---|---|---|---|
| शेयरधनी संख्या | ५,६३७ | ५१ | |
| जम्मा शेयर कित्ता | ७०,३१,००४।०१७५ | ४४,४८,५०५ | ६३.२७ प्रतिशत |

## ६. सभाको बैधानिकता र अध्यक्षताः

६.१ कम्पनी ऐन २०६३ तथा संस्थाको नियमावली बमोजिम सभा बोलाईएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपुरक संख्या बांडफांड कुल शेयरधनीहरू मध्ये कम्तीमा ३ जना उपस्थित हुनुपर्ने प्रावधान बमोजिम संस्थाको सत्रौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरूको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीहरूको संख्या ५१ जना भएको र कुल शेयरको ६३.२७ प्रतिशत प्रतिनिधित्व भएको हुंदा कम्पनी सचिवले साधारण सभाको गणपुरक संख्या पुगेको प्रमाणित गरी प्रचलित कम्पनी कानुन अनुसार सभा बैधानिक भएको जानकारी गराउनु भयो ।

६.२ निर्धारित समय तालिका अनुसार बिहान ११:०० बजे संस्थाको नियमावलीमा ब्यवस्था भए बमोजिम साधारण सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्षले गर्नुपर्ने ब्यवस्थाको जानकारी गराउंदै सञ्चालक समितिका अध्यक्ष श्री दिपक खनालज्यूलाई सत्रौं वार्षिक साधारणसभाको अध्यक्षता ग्रहण गर्न अनुरोध गर्दै अन्य संचालकज्युहरूलाई आसन ग्रहण गर्न कम्पनी सचिवले अनुरोध गर्नुभयो।

६.३ राष्ट्रिय गानबाट कार्यक्रम शुरू गर्न सम्पुर्ण शेयरधनीहरूलाई आ–आफ्नो स्थानमा उभिन कम्पनी सचिवले अनुरोध गर्नुभयो ।

६.४ संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री अमराज खड्काले उपस्थित सबै शेयरधनीहरू तथा आमन्त्रित महानुभावहरूलाई स्वागत अभिवादन गर्नुभयो ।

## ७. छलफलको विषयहरूः

### (क) साधारण प्रस्तावहरूः

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आ.व. २०७४/०७५ को वार्षिक प्रतिवेदन उपर छलफल गरी प्रतिवेदन पारित गर्ने,

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०७४/०७५ को वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण सहित सम्बन्धित अनुसूचीहरू र नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standard-NFRS) बमोजिम तयार गरिएको वार्षिक वित्तीय विवरणहरू उपर छलफल गरी पारित गर्ने,

३. सञ्चालक समितिको सिफारिस बमोजिम संस्थाको आ.व. २०७४/०७५ को मुनाफाबाट चुक्ता पूँजीको १० प्रतिशतले हुन आउने रकम रू.७,०३,१०,०४०/१८ नगद लाभांश (बोनस शेयर तथा नगद लाभांशमा लाग्ने कर समेत) बितरण गर्ने,

४. आ.व. २०७५/०७६ को लेखा परीक्षणको लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने। (बर्तमान लेखा परीक्षक सि.ए. सुर्दशनराज पाण्डे, एस.आर.पाण्डे एण्ड कम्पनी, कम्पनी ऐन २०६३ को दफा १११(३) बमोजिम पुनः नियुक्तिको लागि योग्य हुनुहुन्छ।)

### (ख) विशेष प्रस्तावहरूः

१. सञ्चालक समितिको सिफारिस बमोजिम संस्थाको आ.व. २०७४/०७५ को मुनाफाबाट चुक्ता पूँजीको १० प्रतिशतले हुन आउने रकम रू.७,०३,१०,०४०/१८ बराबरको बोनस शेयर बितरण गर्ने,

२. बोनस शेयर जारी पछि कायम हुने जारी पूंजी र चुक्ता पूंजी बमोजिम संस्थाको प्रबन्ध–पत्रको दफा (५) को (ख) र (ग) मा आवश्यक संशोधन गर्ने,

३. संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगानालाई संशोधन गरी प्रबन्ध–पत्रको दफा (२) (१) र नियमावलीको दफा (२) मा आवश्यक संशोधन गर्ने,

४ बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा २१ (१) मा भएको ब्यवस्था बमोजिम नियमावलीको नियम १०(६) मा संशोधन गर्ने,

५. उल्लेखित विशेष प्रस्ताव उपर नियमनकारी निकायले फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरूप प्रचलित कानुनको अधिनमा रही कम्पनीको प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन/परिमार्जन गर्न सञ्चालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने ।

**(ग) विविध** :

## ८. सत्रौ वार्षिक प्रतिवेदनको प्रस्तुतिः

८.१ सभाको प्रारम्भको क्रममा पूर्व निर्धारित छलफलको विषय सूची अनुसार आ.व. २०७४/०७५ को सञ्चालक समितिको प्रतिवेदन तथा चालु आ.व.को पहिलो र दोश्रो त्रैमासिक प्रगतिको संक्षिप्त बिवरण संचालक समितिको तर्फबाट समितिको अध्यक्षज्युले सभामा पढेर सुनाउनु भयो ।

८.२ तत्पश्चात् अध्यक्षले सभा समक्ष आर्थिक वर्ष २०७४/०७५ को कुल मुनाफा रू. ३६ करोड १५ लाख ९ हजार ९४५/७२ मध्ये नियमानुसार रू.३ करोड २८ लाख ६४ हजार ५४१/०० कर्मचारी वोनस, रू. १० करोड ४० लाख ७७ हजार २८२/४९ आयकरको लागि छुट्ट्याई सो पश्चात स्थगन कर आम्दानी रू.१९ लाख ९४ हजार ९२४/०० सहित बांडफांडको लागि प्राप्त रू. २२ करोड ६५ लाख ६३ हजार ४६/२३ बाट कानुनी प्रावधान अनुसार रू. ४ करोड ५३ लाख १२ हजार ६१०/०० साधारण जगेडा (General Reserve) कोषमा राख्न र उपर्युक्त अनुसार बांडफांड पछि बांकी रहन आएको रू. १८ करोड १२ लाख ५० हजार ४३६/२३ र गत वर्षको संचित नाफा रू. ४ करोड ७ लाख १० हजार ६६/२३सहित जम्मा रू. २२ करोड १९ लाख ६० हजार ५०२/४६ मध्ये कर्मचारी कल्याण कोषमा रू १५ लाख, ग्राहक सुरक्षण कोषमा रू. २२ लाख ६५ हजार ६३०/०० तथा नगद लाभांश रू. ७ करोड ३ लाख १० हजार ४०/१८ (१० प्रतिशत, बोनस शेयर र नगद लाभाशंमा लाग्ने कर समेत) र बोनस शेयर रू. ७ करोड ३ लाख १० हजार ४०/१८ (१० प्रतिशत) बितरण गर्न, कर्मचारी दक्षता अभिबृद्धि कोषमा रू. ५४ लाख ७९ हजार ४२/००, संस्थागत सामाजीक उत्तरदायित्व कोषमा रू. २२ लाख ६५ हजार ६३०/४६ तथा रू.१९ लाख ९४ हजार ९२४/०० स्थगन कर जगेडा कोषमा सारेर उपर्युक्त बांडफांड पश्चात बांकी रहन आएको रू. ६ करोड ७८ लाख ३५ हजार १९५/६४ संचित नाफाको रूपमा वासलातमा सारिएको, लेखापरीक्षकको प्रतिवेदन सहितको २०७५ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाव तथा नगद प्रवाह बिवरण तथा सोसंग सम्बन्धित अनुसूचीहरू र नेपाल वित्तीय विवरण प्रतिवेदनमान (NFRS) बमोजिम मिति २०७५ आषाढ ३२ को छुट्टै वित्तीय विवरण तयार गरिएकोले उक्त प्रतिवेदनहरू समेत छलफलको लागि सभा समक्ष प्रस्तुत गर्नु भयो ।

## ९. छलफलको लागि आव्हान तथा छलफलमा सहभागी शेयरधनी महानुभावहरूः

९.१ संस्थाको आ.व.२०७४/०७५ को वार्षिक प्रतिवेदन, २०७५ आषाढ मसान्तको वासलात, आ.व. २०७४/०७५ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह बिवरण र नेपाल वित्तीय विवरण प्रतिवेदनमान (NFRS) बमोजिम मिति २०७५ आषाढ ३२ को छुट्टै वित्तीय विवरण तयार गरिएकोले उक्त प्रतिवेदनहरू उपर आ–आफ्नो मन्तव्य प्रकट गर्न र सो सम्बन्धमा कुनै प्रश्न तथा सुझाव भए जानकारी गराउन अध्यक्षले शेयरधनी महानुभावहरू समक्ष अनुरोध गर्नुभए पश्चात् देहायका शेयरधनी महानुभावहरू प्रत्यक्ष रूपले छलफलमा सहभागी भई देहाय अनुसारका जिज्ञाशाहरू र सुझावहरू ब्यक्त गर्नु भयोः–

१. श्री कैलाश रिजाल

२. श्री महेन्द्रबहादुर श्रेष्ठ

**छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरूको आ–आफ्नो विचार प्रस्तुतिकरणः**

१. **श्री कैलाश रिजाल**

- विकास आयोजना सेवा केन्द्र र मेरो ब्यक्तिगत तर्फवाट केही शब्द राख्न पाएकोमा खुशी छु ।
- यस संस्थाको संस्थापक अध्यक्ष पिताम्बरप्रसाद आचार्य तर्फबाट पुर्ण रूपमा शुभकामना रहेको ब्यहोरा जानकारी गराउदछु ।
- संस्थाले जुन किसिमको कार्यक्रम बिस्तार गरेको छ त्यो अति राम्रो छ ।
- लाभाशंको आस सबैलाई हुन्छ तर लघुवित्त Social Business भएकोले Profit Maximize को भावना राख्दैनौ ।
- अहिले लघुवित्त क्षेत्र Profit Maximization गर्ने को उद्योगको रूपमा आएको छ ।
- संस्थाले विगत ३/४ वर्षको अवधिमा १० करोडको पुंजीलाई बढाएर ७७ करोड पुर्‍याएको छ, जुन एकदम राम्रो हो ।
- पुजी बृद्धि भएको अवस्थामा पनि २० प्रतिशत लाभाशं दिएकोमा सञ्चालक समितिलाई धन्यवाद दिन चाहन्छु ।
- केन्द्रीय कार्यालयको लागि घर घडेरी खरिद प्रक्रिया अगाडी बढनु राम्रो कुरा हो ।
- प्रदेश र शाखा कार्यालयहरूको प्रयोजनको लागि पनि जग्गा जमिन खरिद गर्न पाए राम्रो हुने थियो ।
- नेपाल वित्तीय विवरण प्रतिवेदनमान (NFRS) बमोजिमको ढाचाँमा समेत प्रतिबेदन तयार गर्ने पहिलो Retailer Microfinance भएको छ जुन एकदम राम्रो छ ।
- लघुवित्त कार्यक्रममा बचत जति बढाउन सक्यौ त्यतिनै संस्था सवल हुन्छ ।
- कर्मचारीलाई दक्ष बनाउनको लागि Exposure र Training आवश्यकता अनुसार क्षमता अभिबृद्धिको लागि Exposure गर्ने गरिएको छ, त्यो एकदमै राम्रो छ ।
- Financial Literacy / Advocay कार्यक्रमहरु लघुवित्त कार्यक्रमको मेरूदण्ड भएकाले संगसंगै लिनुपर्छ ।
- Member Dropout को Research गर्न आवश्यक रहेको छ ।
- Strong Client बनाउनु आवश्यक छ ।
- Portolio Concentration Risk लाई मध्यनजर गरी शाखा बिस्तार गर्नुपर्ने ।
- Merger र Acquisition लाई नेपाल राष्ट्र बैकले Focus गरेको छ । यस साधारण सभामा Merger र Acquisition को कुरा आउन सकेन । Merger र Acquisition को लागि लामो समय लाग्ने भएकोले यस सभाले सञ्चालक समितिलाई अख्तियार दिएमा राम्रो हुने थियो ।
- डिप्रोक्स लघुवित्त वित्तीय संस्था पायनियर संस्था भएकोले यसलाई लघुवित्त क्षेत्रमा leader को रूपमा अगाडी बढाउन चाहन्छौ ।

२. **श्री महेन्द्रबहादुर श्रेष्ठ**

- १० प्रतिशत नगद लाभाशं र १० प्रतिशत बोनस शेयर वितरण गर्ने प्रस्ताव गरेकोमा सञ्चालकहरूलाई धन्यवाद दिन चाहन्छु ।
- गरिबी निवारण गरेर शेयरधनीहरूलाई नाफा वितरण गर्नु सकारात्मक देखिन्छ ।
- दोश्रो बजारमा शेयरको मुल्य अनुसार लाभाशं दिनु पर्दछ ।
- साधारण सभा उचित समयमा भएको छ ।
- Merger र Acquisition गर्दा संस्था राम्रो हुदैन ।
- नेपालका बैक तथा वित्तीय संस्थाहरू Merger र Acquisition गर्दा असफल भएका धेरै उदाहरणहरू छन्। त्यसैले Merger र Acquisition गर्दा सोच्नु पर्दछ ।
- नेपाल वित्तीय विवरण प्रतिवेदनमान (NFRS) प्रतिवेदनले काल्पनिक नाफा देखाउछ ।
- लघुवित्त संस्थाहरूले गरिवी न्युनीकरण कसरी गर्ने र शेयरधनीहरूले गरेको लगानी कसरी सुरक्षित हुन्छ भनेर कार्यक्रम गर्नु पर्दछ ।

- हाम्रो देशलाई प्रकृतीले साथ दिएता पनि खाद्यान्नको लागि अन्य देशसंग निर्भर हुनु परेको छ ।
- गरिबीको कारण Young Generation बिदेश गएका छन ।
- लघुवित्त कार्यक्रमले गरिवी न्युनिकरणमा ठुलो भुमिका खेल्दछ ।
- पहाडी र हिमाली क्षेत्रका पर्यटकिय ब्यवसायहरूलाई लघुवित्त कार्यक्रमसंग समन्वय गर्दा राम्रो हुन्छ ।
- लघुवित्त कार्यक्रमलाई Insurance संग समन्वय गरेर कार्यक्रम गर्दा राम्रो हुन्छ ।
- संस्थागत सामाजिक उत्तरदायित्वमा मुनाफाको १ प्रतिशत लगानी गर्नु पर्ने भनी नेपाल राष्ट्र बैंकले ल्याएको नीति एकदम राम्रो छ।
- संस्थागत सामाजिक उत्तरदायित्वको लागि छुट्टाइईएको रकम महिला स्वास्थ्य कार्यक्रमहरूमा खर्च गर्नु पर्दछ ।
- जग्गा जमिन खरिद गर्दा वा कर्जा लगानी गर्दा कुन उपयुक्त /बढी फाईदा हुन्छ त्यसको मुल्यांकन गर्नु पर्दछ ।
- शेयरहोल्डरको लाभाशं रकम शेयरधनीको खातामा समयमा जम्मा गर्ने ब्यवस्था मिलाउनु पर्‍यो ।
- यस वित्तीय संस्थाको संस्थागत संस्थापक शेयरधनीहरू राम्रा संस्थाहरू रहेका छन् ।

१०. **<u>सभामा शेयरधनी महानुभावहरूले प्रकट गर्नु भएको जिज्ञासा एवं प्रश्नहरूको जवाफः</u>**

शेयरधनी महानुभावहरूले सभामा ब्यक्त गर्नु भएका विचारहरू प्रति आभार ब्यक्त गर्दै प्रकट भएका जिज्ञासा तथा प्रश्नहरू उपर सभाका अध्यक्षज्यूले सामुहिक रूपमा देहाय बमोजिम उत्तर दिनुभयोः–

- लघुवित्त कार्यक्रमलाइ सर्वसुलभ बनाउदै राज्यले लिएको गरिवी निवारण अभियानमा टेवा पुर्‍याउन सक्दो योगदान गरी शेयरधनीहरूलाई संतोषप्रद रूपमा प्रतिफल दिन संस्था सफल भएको छ भनी स्वयम शेयरधनीहरूको तर्फबाट महसुस गरिनु र कार्यक्रमको प्रगतीको प्रशंसा शेयरधनीहरूबाट हुनुले सञ्चालक समितिलाई हौसला र प्रेरणा मिलेको छ ।
- केन्द्रीय कार्यालयको लागि भवन खरिद गर्न सूचना प्रकाशित गरीसकेका छौं। प्रादेशिक र शाखा कार्यालयहरूको प्रयोजनको लागि समेत जमिन तथा भवन खरिद गर्दै जाने छौ ।
- Merger र Acquisition को सम्बन्धी आवश्यक पहल गर्ने सम्बन्धमा नेपाल राष्ट्र बैंकबाट लघुवित्त संस्थाहरूको लागि ठोस नीति नआइसकेकोले सोको पर्खाईमा रहेका छौं र हतारिएका छैनौ ।
- क, ख, र ग वर्गका बैक तथा वित्तीय संस्थाहरूका सबै Merger हरु सफल भएका छैनन्।
- नेपाल राष्ट्र बैकले Merger र Acquisition को नीति ल्याए पछि बजारमा रहेका संस्थाहरूको अध्ययन गरेर मात्र साधारण सभामा प्रस्ताव ल्याएर छलफल गर्नेछौ ।
- शेयरधनीहरूलाई हरेक वर्ष समान रूपमा लाभाशं दिने प्रयास गर्नेछौं ।
- नेपाल वित्तीय विवरण प्रतिवेदनमान (NFRS) को ढाँचामा वित्तीय विवरण तयार गरिएको कारणले केही ढिला भएको हो समेत यस वर्षको साधारण सभा ढिला भएको हो आगामी दिनमा साधारण सभा समयमा गर्नेछौ ।
- संस्थाागत सामाजीक उत्तरदायित्व (CSR) कार्यक्रम अन्तर्गत स्वास्थ्य शिविर, रक्तदान कार्यक्रम, कम्प्युटर वितरण, खेलकुद सामाग्री वितरण, न्यायो कपडा वितरण लगयतका कार्यक्रम गरेका छौ । साथै सुदुर पश्चिमका जिल्लाहरूमा पनि यस्ता कार्यक्रम गर्ने योजना बनाएका छौ ।
- Saving बढाएका छौं। थप बचत बृद्धिको लागि नया Saving Product ल्याउने छौं ।
- शेयरधनीरूले बुझिलिन बाकी रहेको लाभाशं रकम घटिरहेको छ । शेयर अभौतिकीकरण गर्न बाकी रहेका शेयरधनीहरूलाई यस संस्थाको शेयर रजिष्टार सिद्धार्थ क्यापिटल लिमिटेड मार्फत हालसम्म बाकी रहेको नगद लाभाशंको Dividend Warrant बुझिलिन हुन अनुरोध गर्दछौ ।

साथै शेयर अभौतिकीकरण गर्न बाकी रहेका शेयरधनीहरूलाई शेयर अभौतिकीकरण गर्न र Dividend को लागि बैंक खाता अद्यावधिक गराउनु हुन समेत जानकारी गराउदछौ । भुक्तान लिन बाकी शेयरधनीहरूको नामावली संस्थाको वेवसाईडमा राखिएको ब्यहोरा जानकारीको लागि अनुरोध छ ।

११. **<u>सभाको निर्णयः</u>** साधारण सभामा प्रस्तुत बिष्यहरू उपर बिस्तृत छलफल एवं अध्यक्षज्यूबाट प्रत्युत्तर पश्चात निम्न बमोजिम निर्णय परित भयो ।

**<u>(क)</u>** **<u>साधारण प्रस्ताव तर्फः</u>**

१. सभामा प्रस्तुत आ.व. २०७४/०७५ को सञ्चालक समितिको प्रतिवेदन अध्यक्षले पारित गर्नका लागि सभा समक्ष प्रस्ताव गर्नु भएकोमा प्रस्तुत प्रतिवेदन सर्वसम्मतीबाट पारित गरियो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०७४/०७५ को वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण सहित सम्बन्धित अनुसूचीहरू र नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) बमोजिम तयार गरिएको वार्षिक वित्तीय विवरणहरू पारित गरियोस् भनी अध्यक्षले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाबाट उल्लेखित वित्तीय बिवरणहरू सर्वसम्मतीले पारित गरियो ।

३. सञ्चालक समितिको सिफारिस बमोजिम संस्थाको आ.व. २०७४/०७५ को मुनाफाबाट चुक्ता पूंजीको १० प्रतिशतले हुन आउने रकम रू.७,०३,१०,०४०/१८ नगद लाभांश (बोनस शेयर तथा नगद लाभांशमा लाग्ने कर समेत) बितरण गर्नस्वीकृतिको लागि अध्यक्षले सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सोही बमोजिम बितरण गर्न सभाबाट सर्वसम्मतीले स्वीकृत गरियो ।

४. कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व. २०७५/०७६ को लागि लेखापरीक्षक नियुक्त गरी निजको पारिश्रमिक निर्धारण गरियोस् भनी अध्यक्षले सभा समक्ष प्रस्ताव गर्नु भएकोमा लेखापरीक्षण समितिको सिफारिस बमोजिम सुदर्शनराज पाण्डे, एस.आर.पाण्डे एण्ड कम्पनी, चार्टर्ड एकाउण्टेण्टस्लाई सर्वसम्मतीबाट लेखापरीक्षकमा नियुक्त गर्ने निर्णय गरियो। बैधानिक लेखापरीक्षण, कर लेखापरीक्षण, दफा ७८ र लङ्गफर्म अडिट रिर्पोट,आदि तयार गरे वापत सुदर्शनराज पाण्डे, एस.आर.पाण्डे एण्ड कम्पनी, चार्टर्ड एकाउण्टेण्टस्लाई भ्याट सहित रू ३ लाख ३९ हजार पारिश्रमिक उपलब्ध गराउने निर्णय सर्वसम्मतले पारित गरियो।

**<u>(ख)</u>** **<u>बिशेष प्रस्ताव तर्फः</u>**

१. सञ्चालक समितिको सिफारिस बमोजिम संस्थाको आ.व. २०७४/०७५ को मुनाफाबाट चुक्ता पुंजीको १० प्रतिशतले हुन आउने रकम रू. ७,०३,१०,०४०/१८ बराबरको बोनस शेयर बितरण गर्न स्वीकृतिको लागि अध्यक्षले सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सोही बमोजिम बितरण गर्न सभाबाट सर्वसम्मतीले स्वीकृत गरियो ।

२. बोनस शेयर जारी पछि कायम हुने जारी पुंजी र चुक्ता पुंजी बमोजिम संस्थाको प्रबन्ध–पत्रको दफा (५) को (ख) र (ग) मा आवश्यक संशोधन गर्न स्वीकृतिको लागि अध्यक्षले सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सोही बमोजिम प्रबन्धपत्रमा आवश्यक संशोधन गर्न सभाबाट सर्वसम्मतीले स्वीकृत गरियोः–

| हाल भएको ब्यवस्था | संशोधित ब्यवस्था |
|---|---|
| **५. <u>वित्तीय संस्थाको पूँजीको संरचनाः</u>**<br>वित्तीय संस्थाको पूँजीको संरचना देहाय बमोजिम हुनेछ :<br>(ख) वित्तीय संस्थाको जारी गर्ने शेयर पूँजी रू. ७०,३१,००,४०१/७५ हुनेछ ।<br>(ग) वित्तीय संस्थाको चुक्ता पूँजी रू. ७०,३१,००,४०१/७५ हुनेछ । | **५. <u>वित्तीय संस्थाको पूँजीको संरचनाः</u>**<br>वित्तीय संस्थाको पूँजीको संरचना देहाय बमोजिम हुनेछ :<br>(ख) वित्तीय संस्थाको जारी गर्ने शेयर पूँजी रू. ७७,३४,१०,४४१/९३ हुनेछ ।<br>(ग) वित्तीय संस्थाको चुक्ता पूँजी रू. ७७,३४,१०,४४१/९३ हुनेछ । |

३. संघीय संरचना अनुसार नेपाल सरकारको निर्णय बमोजिम वडा परिवर्तन भएकोले संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगानालाई संशोधन गरी प्रबन्ध–पत्रको दफा (२) (१) र नियमावलीको दफा (२) मा आवश्यक संशोधन गर्न अध्यक्षले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा संस्थाको प्रबन्ध–पत्रको दफा (२) (१) र नियमावलीको दफा (२) मा सर्वसम्मतीले निम्न बमोजिम संशोधन गर्ने निर्णय गरियोः–

| हाल भएको ब्यवस्था | संशोधित ब्यवस्था |
|---|---|
| **<u>क. प्रवन्धपत्रमा</u>**<br>**२ <u>वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगाना :</u>**<br>(१) यस वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय, नारायणी अञ्चल, चितवन जिल्ला, भरतपुर न.पा. वार्ड नं. ३ मा रहने छ ।<br>**<u>ख. नियमावलीको नियममा</u>**<br>**२ <u>वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगाना :</u>**<br>यस वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय, नारायणी अञ्चल, चितवन जिल्ला, भरतपुर न.पा. वार्ड नं. ३ मा रहने छ । | **<u>क. प्रवन्धपत्रमा</u>**<br>**२ <u>वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगाना :</u>**<br>(१) यस वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय, नारायणी अञ्चल, चितवन जिल्ला, भरतपुर महानगरपालिका. वडा नं. १ मा रहने छ ।<br>**<u>ख. नियमावलीको नियममा</u>**<br>**२ <u>वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगाना :</u>**<br>यस वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय, नारायणी अञ्चल, चितवन जिल्ला, भरतपुर महानगरपालिका. वडा नं. १ मा रहने छ । |

४. बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा २१ (१) मा भएको ब्यवस्था बमोजिम नियमावलीको नियम १०(६) मा संशोधन गर्न आवश्यक देखिएकोले अध्यक्षले सभा समक्ष बिशेष प्रस्ताव पेश गर्नु भएकोमा बैंकको प्रबन्धपत्र र नियमावलीमा सर्वसम्मतीले निम्न बमोजिम संशोधन गर्ने निर्णय गरियोः–

| हाल भएको व्यवस्था | संशोधित व्यवस्था |
|---|---|
| **१०. सञ्चालक समितिको बैठकः** | **१०. सञ्चालक समितिको बैठकः** |
| (६) समितिको बैठक वर्षमा बाह्र पटक बस्नु पर्नेछ । तर दुईवटा बैठकको बीचको फरक दुई महिना भन्दा बढी हुने छैन । | (६) समितिको बैठक वर्षमा बाह्र पटक बस्नु पर्नेछ । तर दुईवटा बैठकको बीचको फरक साठी दिन भन्दा बढी हुने छैन । |

५. उल्लेखित विशेष प्रस्तावहरू तथा सोबाट पर्न जाने असर र नियमनकारी निकायको निर्देशन तथा प्रचलित कानुनको अधिनमा रही प्रबन्धपत्र तथा नियमावलीमा आबश्यक थपघट गर्न सञ्चालक समितिलाई अख्तियार प्रत्यायोजन गर्न अध्यक्षले सभा समक्ष विशेष प्रस्ताव गर्नु भएकोमा सो सम्बन्धमा प्रचलित कानुनको अधिनमा रही प्रस्ताव बमोजिम आवश्यक संशोधन/ परिमार्जन गर्न सर्वसम्मतीले सञ्चालक समितिलाई अख्तियार प्रत्यायोजन गर्ने निर्णय पारित गरियो।

**(ग) बिविधः** केही नभएको ।

## १२. धन्यवाद ज्ञापनः

छलफल तथा निर्णयको क्रम समाप्त भएपछि अध्यक्षज्यूले शेयरधनी महानुभावहरूबाट छलफलमा सक्रिय रूपले सहभागी भई उहांहरूबाट महत्वपुर्ण सुझाव तथा मार्गदर्शन प्राप्त भएकोमा सो प्रति आभार ब्यक्त गर्दै आफ्नो अमूल्य समय दिई सत्रौं वार्षिक साधारण सभा सफलतापूर्वक सञ्चालन एवं सम्पन्न गर्न सहयोग गर्नु भएकोमा सम्पूर्ण शेयरधनीहरू तथा सम्बन्धित सवैलाई धन्यबाद ज्ञापन गर्नु भयो ।

## १३. सभा विसर्जनः

तत्पश्चात, अध्यक्षले सभा सञ्चालन गर्न उपस्थित शेयरधनीहरूबाट प्राप्त सहयोगको लागि पुनः धन्यवाद ज्ञापन गर्नुका साथै सभा सफलता पुर्वक सम्पन्न भएको घोषणा सहित दिउसो १२ः४५ बजे सभा बिसर्जन गर्नुभयो ।

| | | |
|---|---|---|
| .............................. | ................................ | ........................... |
| (ज्ञानेन्द्रप्रसाद अर्याल)<br>कम्पनी सचिव | (रमेशकुमार रघुवंशी )<br>सञ्चालक<br>प्रतिनिधि, सर्वसाधारण | (दिपक खनाल)<br>अध्यक्ष |

मितिः २०७५माघ ११ गते दिउसो १२ः४५ बजे ।